आज मिति २०६३ कार्तिक १३ गते शनिबारका दिन यस स्वरोजगार लघुवित्त विकास बैंकको आठौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा बसी तपसिलका उपस्थितिमा तपसिलका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो ।

तपसिलको उपस्थिति

१) संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्र. पाण्डे - अध्यक्ष - [signature]
२) प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव - उदय राज भितिखडा [signature]
३) प्रवर्द्धक र सर्वसाधारण शेयरधनीहरुको उपस्थिति (पुस्तिका - १ प्रति संलग्न)
४) अन्य आमन्त्रित महानुभावहरुको उपस्थिति (सिट संलग्न)
५) कर्मचारी उपस्थिति (सिट संलग्न)

आजको साधारण सभामा संस्थापक (प्रवर्द्धक) शेयरधनी ६१ जना र सर्वसाधारण शेयरधनी १३६३ जना गरी कुल १४२४ जना शेयरधनीहरु मध्ये संस्थापक समूह बाट ६६ जना र सर्वसाधारण समूहबाट १०८ जना गरी १७४ जनाको उपस्थिति भई संस्थापकको ३,६४,६६० कित्ता र सर्वसाधारणको समूहको १,७१,०४० कित्ता गरी कुल ५,३६,८०० कित्ता शेयर मध्ये ३,४४,०८८ कित्ता शेयर (धनी)को प्रतिनिधित्व भएकोले र यो कुल शेयर कित्ताको ६४.१०% (अक्षरमा चौसट्ठी दशमलव एकशुन्य मात्र) भएको हुँदा यस स्वरोजगार लघुवित्त विकास बैंकको नियमावलीको नियम नं.२३ अनुसार र कम्पनी ऐन २०६३ को दफा ६३ को उपदफा २ अनुसार वैधानिक साधारण सभा रहेको व्यहोरा सभालाई कानूनी सल्लाहकार र कम्पनी सचिव बाट जानकारी गराइयो । एवं यस सभाको सूचना २१ दिन अगाडी पठाउनुपर्ने एवं प्रकाशित गर्नुपर्ने यस बैंकको नियमावलीको नियम १८(३) अनुसार आर्थिक अभियान राष्ट्रिय दैनिकमा २०६३ असोज ११ गते प्रथम पटक र २०६३ असोज १२ गते दोस्रो पटक प्रकाशित गरिएको थियो । साथै यही साधारण सभाको बारेमा दफा ६८ को विवरण र दुई पटक राष्ट्रिय दैनिकमा प्रकाशित प्रमाण सहित २०६३/०६/१८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा (कार्यालयको वेबसाइट www.ocr.gov.np मार्फत अपलोड गरिएको प्रमाण संलग्न स.नं. [illegible] दर्ता ४-२८,६३) पेश गरिएको थियो । यस अनुसार वैधानिक साधारण सभाले तपसिलका प्रस्ताव उपर छलफल गरी तपसिल अनुसार निर्णय गरियो ।

तपसिलका प्रस्तावहरु

(क) साधारण प्रस्तावहरु

(१) संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्ष ज्यूको आ.व. २०६२/६३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०६३ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०६२/६३ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण

तथा अनुसूचीहरु छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) आ.व. २०६३/६४ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्री जि. बि. एण्ड कम्पनी, कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम पुन नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०६२/६३ को मुनाफाबाट चुक्ता पूँजीको १.६ प्रतिशतका दरले नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि मात्र) पारित गर्ने सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ३०.४ प्रतिशतका दरले बोनस शेयर पारित गर्ने, तथा यसरी दिइने बोनस शेयर भिन्न अंकमा आएमा भिन्न को भिन्न अंकमा जोडी पूर्ण अंकमा बोनस शेयर जारी गर्ने र बाँकी रहने भिन्न — अंकलाई यदि पूर्ण अंक छोपाई दिने गरी हुई रहने वा नियमानुसार अन्य उपयुक्त व्यवस्था गर्ने र सोही हद सम्म जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२) संचालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर पछिको चुक्ता पूँजीमा ४०% (प्रतिशत) अर्थात २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने । हकप्रद शेयर जारी गर्दा हकप्रद शेयर खण्डित (Fraction) हुने भएमा खण्डित (Fraction) शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत लिई आवेदन दिने व्यवस्था गर्ने गरी हकप्रद शेयर जारी गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने विधि जारी तथा चुक्ता पूँजी वृद्धि गर्दा खण्डित (Fraction) शेयरलाई पूर्ण कित्तामा शेयर आवेदन गर्न पाउने व्यवस्थाबाट हकप्रद शेयर निष्काशन पश्चात जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएमा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम आगामी साधारण सभाबाट सो अनुमोदन गराई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउने ।

३) बैंकको पूँजी संरचना परिवर्तन गरी संस्थापक समूहको ५१% (प्रतिशत) र सर्वसाधारण समूहको ४९% (प्रतिशत) कायम गर्ने सम्बन्धमा ।

४) बैंकको संचालक समितिको संख्यामा परिवर्तन गर्ने सम्बन्धमा ।

५) बैंकको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

६) बैंकको कार्यक्षेत्रको विस्तारको लागि जिल्लाहरु थप गर्ने सम्बन्धमा ।

७) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरे बमोजिम संशोधन गर्ने सम्बन्धमा ।

८) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा

९) विविध

तपसिलका निर्णयहरु

साधारण प्रस्तावका निर्णयहरु

निर्णय नं. १) अध्यक्ष ज्यूले प्रस्तुत गर्नुभएको प्रतिवेदन उपर छलफल गरियो। जसमा शेयरधनी श्री इन्द्र प्रसाद घिमिरे ज्यूले (i) लघुवित्त संस्थाहरु मध्ये यस वर्ष सबै भन्दा पहिलो साधारण सभा गर्ने संस्था बनेकोमा बधाई ज्ञापन गर्नुभयो। (ii) लघुवित्तको उद्देश्य लाई पालना गर्नुभएकोमा धन्यवाद र यसलाई निरन्तरता दिनुपर्ने भन्नुभयो। (iii) आगामी दिनमा नेपाल राष्ट्र बैंकले पूँजी विस्तार गर्ने निर्देशन दिनसक्ने तर त्यसै अनुसार पूँजी विस्तार गर्न लागेकोमा धन्यवाद ज्ञापन गर्नुभयो। (iv) साना व्यवसायीलाई सहयोग गर्ने नीति लाई निरन्तरता दिनुपर्ने भन्नुभयो। (v) सानो कर्जा र सानो बचत सेवा दिनुभएको वित्तीय शिक्षा दिन जरुरी छ। भन्नुभयो। (vi) यस वर्ष दिएको कुल ३२% लाभांश आगामी वर्ष पनि दिनु पर्छ भन्नुभयो। (vii) वार्षिक प्रतिवेदनमा ग्राफिकल चार्ट, भर्टिकल चार्ट र पाई चार्टमा पनि प्रकाशित गर्नुपर्ने सल्लाह दिनुभयो। यसै गरी दोस्रो वक्ता श्री बैजुनाथ रौनियार ज्यूले (i) बोनस शेयर दिंदा बढीत शेयरलाई पनि पूर्ण कित्ताको रुपमा शेयर दिन पाउने व्यवस्था गर्ने लागेको (ii) नगद लाभांश भुक्तान बाँकी शेयरधनीको नामावली पनि राख्नु पर्ने (iii) जोखिममा रहेको कर्जा र सो को ब्याज असुली होस (iii) कर्जा जोखिम घटाउने प्रयास राम्रो छ निरन्तरता दिनुपर्छ। (iv) शाखाको नाम र शाखा प्रबन्धकहरुको पनि नामावली राख्नु पर्थ्यो जसबाट संस्था पारदर्शी हुने। (v) १:१ हकप्रद दिएको भए राम्रो हुनेथियो भनी भन्नुभयो। यसैगरी तेस्रो वक्ता श्री इन्द्र कुमार श्रेष्ठ ज्यूले (i) लाभांश दिने संस्थाहरुमध्ये यस वर्षको हालसम्मको घोषणा अनुसार तेस्रो नम्बरमा देखिएको। (ii) २०६८ आषाढ मसान्त सम्म पूँजी वृद्धि विस्तारको निर्देशन आउन सक्छ। (iii) Classical Microfinance (शास्त्रीय लघुवित्त) को अनुसरण गरिरहेको संस्थाको रुपमा देखिएको छ यसलाई निरन्तरता दिनुपर्छ भनी भन्नुभयो। यसैगरी चौथो वक्ता श्री श्याम प्रसाद तिमिल्सिना (i) बैंकले प्रगति गरिरहेकोमा बधाई दिनुभयो। (ii) शेयरधनीहरुको स्वास्थ्य बिमा गरिदिनुपर्यो (iii) कर्मचारी प्रशासनको व्यवस्था र कर्मचारी टिक्न सक्नेथियो। (iii) कम दरमा ऋण सामाजिक सहयोगमा खर्च गर्नुपर्यो। (iv) नगद लाभांश पनि पाउनु पर्यो। (v) शेयरधनीहरुले पनि बैंकको उद्देश्य लाई व्यापकता दिन सहयोग गर्नुपर्यो भन्नुभयो। यसैगरी पाँचौं वक्ता श्रीराज जोशीले (i) म शेयरधनी नभएपनि बैंक को बुझ्न आएको हुँदा म प्रस्तावित लगानीकर्ता हुँ भन्नुभयो। (ii) यहाँले नेपाल राष्ट्र बैंकले ६% को स्प्रेड तोकिंदा नाफा हुन्छ कि हुँदैन भनी बुझ्न आएको हुँ भन्नुभयो। (iii) सहभागीहरुको करिब १००% पूँजी वृद्धि हुँदैछ तर लगानी वृद्धि सही अनुपातमा र [illegible] भन्नुभएको थियो।

२/१-१८।६२

यसरी पाँच वटा वक्ता ले अध्यक्ष ज्यूको प्रतिवेदन उपरको छलफलमा भाग लिनु भयो र आफ्ना राय सुझाव र जिज्ञासाहरु राख्नु भयो। यसरी वक्ताहरुले राखेको जिज्ञासाहरु उपर बैंकको अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डे ज्यूले "सल्लाह सुझाव हरुलाई मनन गरिनेछ र बैंकको दह्रो भिजनको कार्यान्वयन बनाई लगिनेछ" भन्नु भयो। अरु श्री पूँजी विस्तार र व्यवसाय विस्तार समानान्तर रुपमा लगी मुनाफा र लाभांश बढ्न नछोड्ने प्रयास गरिनेछ भन्नु भयो अर्को श्री नेपाल राष्ट्र बैंकको ७% (अक्षरमा सात प्रतिशत मात्र) सी.आर.आर., बाह्य कर्जा को ब्याजदर वृद्धि वा आउने कालखण्डमा सबै संस्थाहरु समान रुपमा प्रभावित भएमा हामीले मात्र लाभांश दिन सक्दैनौं त्यसैकारण त्यस्तो विशिष्ट अवस्था मा हामी समकक्षी (Contemporary) भन्दा पछि पर्ने छैनौं" भन्नु भयो र यो मन्तव्य सँगै वार्षिक प्रतिवेदन बहुमतले ताली पिटी पारित गरियो।

निर्णय नं. २) लेखापरीक्षक प्रतिवेदन (आ.व. २०६२/६३) माथि सामान्य छलफल गरी पारित गरियो।

निर्णय नं. ३) आ.व. २०६३/६४ को लागि लेखापरीक्षकमा श्री जि. वि. एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस लाई वैधानिक लेखापरीक्षकको सम्पूर्ण कार्य (वार्षिक लेखा परीक्षण, कर लेखा परीक्षण, दफा ५१ र ६८ प्रमाणित लगायत आवश्यक अन्य कार्य) को लागि सम्पूर्ण कर सहित रु.१,१३,०००/- (अक्षरेपी एक लाख तेह्र हजार मात्र) पारिश्रमिक दिने निर्णय गरियो।

निर्णय नं. ४) आ.व. २०६२/६३ को मुनाफाबाट चुक्ता पूँजीको १.६% प्रतिशतका दरले रु. ८,५८,८८०/- (अक्षरुपी आठ लाख अन्ठाउन्न हजार आठ सय असी मात्र) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि मात्र) पारित गरियो।

विशेष प्रस्तावका निर्णयहरु

निर्णय नं. १) आ.व. २०६२/६३ को मुनाफाबाट चुक्ता पूँजीको ३०.४% प्रतिशतका दरले रु. १,६३,१८,७२०/- (अक्षरुपी एक करोड त्रिसठ्ठी लाख अठार हजार सात सय विस मात्र) बोनस शेयर पारित गरियो।

निर्णय नं. २) संचालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर पछिको चुक्ता पूँजीमा ५०% (अक्षरमा पचास प्रतिशत मात्र) अर्थात २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय गरियो। हकप्रद शेयर जारी गर्दा हकप्रद शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग कम समेत लिई आवेदन दिने व्यवस्था गर्ने गरी हकप्रद शेयर जारी गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने निर्णय गरियो। यसरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्दा खण्डित शेयरलाई पूर्ण कित्तामा शेयर आवेदन गर्न पाउने व्यवस्थाबाट हकप्रद शेयर निष्काशन पश्चात जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएमा नेपाल धितोपत्र

(हस्ताक्षर) (हस्ताक्षर)

रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउने निर्णय गरियो ।

निर्णय नं. ३) बैंकको पूँजी संरचना परिवर्तन गरी संस्थापक समूहको ५१ प्रतिशत % (अक्षरमा एकाउन्न प्रतिशत मात्र) र सर्वसाधारण समूहको ४९ प्रतिशत % (अक्षरमा उनान्पचास प्रतिशत मात्र) कायम गर्ने निर्णय गरियो ।

४) बैंकको संचालक समितिको संरचनामा परिवर्तन गर्ने निर्णय गरियो । जुन तल उल्लेख गरिए अनुसार हुनेछ । लघुवित्त विकास बैंकमा ६ जनाको संचालक समिति हुनेछ । जसमा "क" समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित ३ जना, "ख" समूहमा रहेका सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुनेछन् ।

निर्णय नं. ५) बैंकको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने निर्णय गरियो । जस अनुसार अधिकृत पूँजी रु ४०,००,००,०००/- (अक्षरेपी चालिस करोड मात्र) जारी पूँजी तथा चुक्ता पूँजी रु. १०,४९,९८,०८०/- (अक्षरेपी दश करोड उनान्पचास लाख अन्ठानब्बे हजार असी मात्र) हुने निर्णय गरियो ।

निर्णय नं. ६) बैंकको कार्यक्षेत्र विस्तारको लागि जिल्ला हरु थप गर्ने निर्णय गरियो । यसरी पहाडी जिल्लाहरु मध्ये अर्घाखाँची, गुल्मी, पाल्पा, धादिङ र नुवाकोट गरी ५ जिल्ला विस्तार गर्ने निर्णय गरियो ।

निर्णय नं. ७) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरे बमोजिम संशोधन गर्ने निर्णय गरियो । एवं सोको अभिलेख कम्पनी रजिष्ट्रारको कार्यालयमा गराउने निर्णय गरियो ।

निर्णय नं. ८) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्ने सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९) विविध अन्तर्गत शेयर रजिष्ट्रार श्री एन. एम. बि. क्यापिटल लिमिटेडका प्रतिनिधि श्री कमल नेपालले मुलुक बोनस शेयर र हकप्रद शेयर बारे प्राविधिक पक्षमा प्रकाश पार्नुभयो । यसै गरी बाह्य लेखा परीक्षक कम्पनी श्री जि. बि. एण्ड कम्पनी का प्रतिनिधि श्री ज्ञानेन्द्र बहादुर भारीले आर्थिक वर्ष सकिएको एक महिना भित्र लेखापरीक्षण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अन्त्यमा अध्यक्ष ज्यूबाट सबैलाई धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

(हस्ताक्षर) (हस्ताक्षर)